सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक

# ज्योती जागरण

Jyoti Jagran Daily

वर्षः २ | अंक : १३२ | वि.सं. २०७९ मंसिर २६ गते सोमबार | 12, 2022 Monday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## धानको समर्थन मूल्य कार्यान्वयनको माग गर्दै वीरगञ्जमा किसानहरूको आन्दोलन

वीरगंज । सरकारले धानको समर्थन मूल्यको कार्यान्वयन नगरेको भन्दै वीरगञ्जमा नेपाल किसान महासंघ र अखिल नेपाल किसान महासंघ लगायत किसानहरुले संयुक्त रूपमा आन्दोलन गर्दै विरोध र्यालिका निकालेका छन् ।

सरकारले धानको समर्थन मूल्यको कार्यान्वयन र मलको सहज आपूर्ति नगरेको भन्दै किसानहरुले सरकारबिरुद्ध आन्दोलन गरेका हुन् ।



धानको मूल्य निर्धारण गर्नु स्वागत योग्य भए पनि मंसिरको मध्यसम्म पनि सरकारी निकायले धान खरिद प्रक्रिया शुरु नगरेको कारण किसानहरू व्यापारीलाई सस्तो मूल्यमा बेच्न बाध्य भएको पनि उनीहरुको गुनासो छ। किसान हकहित संघर्ष समिति पर्साका अध्यक्ष शमरुम राउत गद्दीले नेपाललाई किसानको देश भनिएपनि त्यो भनाईमा मात्र सिमित रहेको गुनासो गरेका छन् ।उनले आज मात्रै २५ सय रुपैया क्वीन्टलमा आफु नै बाध्य भएर धान बेचेर आफ्नो बच्चाको विधालयमा शुल्क तिर्न बाध्य भएको गुनासो गरे ।

उनले थप्दै भने , खेतीपातीका लागि अहिले मलखाध लगायत सबै सामाग्रीको आवश्यक्ता छ ।

अब खेती गर्ने समय चलिरहेको बेला न खाध पाएका छौँ । न त सरकारले निर्धारण धानको मुल्यमा धान नै बेच्न पाएका छौँ । अन्य खेती गर्न विभिन्न सामाग्री जोहोको लागि

***बाँकी तेश्रो पृष्ठमा***

## पोखरीया विघुत वितरण केन्द्रद्धारा विघुत चोरी गर्ने ६ जना पक्राउ ।



वीरगन्ज । विद्युत चुहावटमा पर्साको ग्रामीण भेग अग्रपंक्तिमा रहेको भन्दै व्यापक आलोचना भएपछि विद्युत प्राधिकरण वितरण केन्द्र पोखरीयाले आफ्नो एरिया भरीका बिभिन्न ठाउँमा चेकजाच सुरु गरेको छ ।

यसरी केही दिन यतामात्र शुरु भएको यो नियमित चेकजाँचले गर्दा विद्युत चुहावटमा कमी आएको छ ।

विद्युत खपतको केही प्रतिशत बिद्युत चुहावट रहेको पर्सामा हुकिङ्ग गरेर विद्युत चोरी गर्नेहरुलाई पक्राउ गरी जरिवाना असुल गर्ने काम शुरु भएको छ ।

विद्युत प्राधिकरणले पहिलो चरणमा विद्युत चोरी नगर्न प्रचार प्रसार गरेको र दोश्रो चरणमा अटेर गरेर विद्युत चोर्नेहरुलाई प्रहरीको सहयातामा पक्राउ गरी नगद जरिवाना असुल गर्ने गरेको विद्युत प्राधिकरण पोखरीया शाखाका प्रमुख जगनाथ झाले बताए ।

***बाँकी तेश्रो पृष्ठमा***

## वीरगञ्जका पुष्प राज यादवसहित नेपाली एथलेटिक्स टिम बंगलादेश प्रस्थान



वीरगन्ज । बंगलादेशमा हुने पाँचौ अन्तराष्ट्रिय बीकेएसपी कप एथलेटिक्स च्याम्पियनसीपमा भाग लिन यू-१७ का नेपाली टोली ढाका प्रस्थान गरेका छन् ।

मंसिर २७ गतेबाट २९ गतेसम्म आयोजना हुने प्रतियोगितामा सहभागी हुन नेपालका ४ पुरुष र ३ महिला खेलाडी र ४ जना अफिसियल एवं प्रशिक्षकसहित ११ जनाको टिम आइतबार ढाका प्रस्थान गरेका हुन् । नेपालबाट पुरुषतर्फ मधेश प्रदेशबाट एक्लै वीरगञ्जको प्रतिनिधित्व गर्दै पुष्प राज यादवले १०० मिटर, २०० मिटरदैडमा, ऋषि बहादुर कुमालले १०० मिटर दौड, सनिल गोर्खाली २०० मिटर दौड र ट्रिपलजम्पमा, विश्वराम कुँवरले ८०० र १५०० मिटर दौडमा भाग लिनेछन भने महिलातर्फबाट काथ्रिन बासुकलाले ८०० र १५०० मिटर दौड,ब्रिटिशा सिल्पकारले १०० र २०० मिटर दौडमा सिमा श्रेष्ठले १०० मिटर दौड र हाईजम्पमा सहभागिता जनाउने छन् ।

यस्तै पुरुष ४ गुणा १०० मिटर रिले दौडमा नेपालबाट सहभागिता रहनेछ । प्रतियोगितामा भाग लिने नेपाली

***बाँकी तेश्रो पृष्ठमा***

## बाराका उखु किसानको आन्दोलन स्थगित

**वीरगन्ज । बाराका उखु किसानको आन्दोलन स्थगित भएको छ । चिनी उद्योग प्रशासन र स्थानीय प्रशासनसाग सोमबार छलफल गर्ने सहमतिपछि आन्दोलन रोकिएको हो ।**

**किसानले आइतबार पनि चिनी उद्योग अगाडि सुकेको उखु जलाउादै केही घण्टा प्रदर्शन र चक्काजाम गर्दै आन्दोलन गरेका थिए । शनिबार पनि उनीहरुले कलैया उपमहानगरपालिका-२४ स्थित रिलायन्स चिनी उद्योग अगाडि प्रदर्शन गरेका थिए ।**

**चिनी उद्योगले किसानलाई दिएको ऋण मिनाहा र सरकारले क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने मागसहित किसानहरु आन्दोलनमा छन् ।**



**प्रदर्शनको क्रममा किसानहरूले रोगले सुकेको उखु जलाउादै शनिबार दिउासो २ घण्टा कलैया-पिलुवा सडक अवरुद्ध पारेका थिए । झन्डै ३ सय किसानले प्रदर्शन गर्दै करिब ३ क्विन्टल सुकेको उखु जलाएका थिए ।**

**कलैया-१६ विद्यानगरका उखु किसानका अगुवा इन्द्रदेव कुसवाहाले बारामा झन्डै पाँच सय किसानले करिब ८ सय बिघामा लगाएको उखु खेती रोगले सुक्दै गएकोले किसानलाई नोक्सानीबाट जोगाउन चिनी उद्योगले उखुको बिउ र औषधिका लागि दिएको ऋण मिनाहासागै सरकारले किसानलाई क्षतिपूर्ति तिर्नुपर्ने माग गर्दै आन्दोलन सुरु गरिएको बताए ।।**

**उखुबाट बढीभन्दा बढी चिनी निकाल्न सकिने सीओ २३८ जातको उखु किसानहरुले लगाएका हुन् । मनहर्वा, श्रीपुर, विद्यानगर, कलैया, भोडाहा, उत्तरभिटकैया, इनर्वा, सिसवा, मदिल्वालगायत दर्जनौं गाउा आसपासको खेतमा लगाइएको उखु सुक्ने रोगको प्रकोप छ ।**

**रोगको पहिचान भने भइसकेको छैन । रोग पहिचान गर्न र प्रकोपविरुद्ध औषधि छर्न हालसालै उद्योग वा सरकारको तर्फबाट कृषि प्राविधिक टोली खटेको छैन ।**

**तर उखु उत्पादक किसान संघ बाराका अध्यक्ष वीरेन्द्र कुसवाहाले ५ महिना अघि उद्योगले प्राविधिक 'हायर' गरेर जााच गराउादा त्यो बेला प्राविधिकहरुले 'रेडरट' रोगले उखु सुकेको बताए । उनकाअनुसार बारा र पर्सामासमेत यो रोगको प्रकोप पााच महिनादेखि फैलिादै आएको छ ।**

**दुवै जिल्लामा गरि ९ हजार बिघामा साढे ६ हजार किसानले उखु खेती गरेको उनको भनाइ छ । उद्योग**

***बाँकी तेश्रो पृष्ठमा***

## साल्टट्रेडिङ लहानमा कर्मचारी सहकारीको मिलेमतो किसानले खेतबाँझै राख्नुपर्ने अवस्था




लहान । मंसिरमसान्त सकिनै लाग्दापनि मधेश प्रदेश लगायत अन्य ठाउँका किसानहरुले गेहुँ छर्न पाइएका

***बाँकी तेश्रो पृष्ठमा***



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# भूमिहीन दलित कहाँ लाग्नु ओत !

**मधु शाही**

काठमाडौंस्थित सिनामंगलको सुकुम्बासी टहरामा बस्छन्, २५ वर्षीय शिव सार्की । उनले आफ्नो पुर्ख्यौली थलो सिन्धुलीमा रहेको सुनेका छन् तर जानेबुझ्नेदेखि नै सुकुम्बासी छन् । बाबुआमाले मजदुरी गरेर उनलाई १२ कक्षासम्म पढाए । त्यहाँबाट शैक्षिक उकालो लाग्न उनलाई आर्थिक अवस्थाले दिएन ।

साँझबिहान छाक टार्नुपर्ने बाध्यतामाझ पढाइको उचाइ उनीजस्ता भूमिहीन दलितका लागि दुःस्वप्न नै हो । झरी पर्दा चुहिने छानोमुनि रात बिताउँदा शिवलाई त्यति पीडा भएन, जति आर्थिक अभावकै कारण फार्मेसी पढ्ने उनको रहर अपुरो रह्यो ।

'जग्गा मात्रै भएको भए बैंकमा धितो राखेर भए पनि पढ्न पाउँथें,' उनी भन्छन्, 'जग्गा नहुँदा न पेटभरि खान पाइएको छ, न पढ्न ।'

भूमिमाथिको स्वामित्व नहुँदा लाखौं दलितका सपना अपुरै छन् । शिक्षा लिन होस् या अर्थोकमा, भूमि अपरिहार्य छ । बाँकेस्थित कोहलपुर नगरपालिकाको प्रेमनगरका दिनेश परियार तीन पुस्तादेखि जग्गाविहीन छन् । उनका बाजे दैलेखबाट जीविकोपार्जनका लागि भारत पुगे । भारतमै मजदुरी गर्दै उतै जीवन बिताए । दिनेशका आमाबुबा बाँकेमा सुकुम्बासी भई बस्न थाले । ऐलानी जग्गामा छाप्रो बनाएका उनीहरू पटक-पटक लखेटिँदै, फेरि बस्दै आएका छन् । बासकै ठेगान नहुनुको पीडामा दिनेशको पढाइ अलपत्र छ ।

९ कक्षासम्म मात्रै पढ्न सकेका उनी परम्परागत सिलाई पेसा गर्दै आएका छन् । अब कतैबाट पैसा जुटाएर बिदेसिने सुर कस्दै छन् । विदेशको कमाइले जग्गा किन्ने उनको ठूलो इच्छा छ । भूमिहीन दलितहरूलाई सरकारले जग्गा दिने भन्दै धेरै पटक नेताले आश्वासन दिए, दिनेशहरूले भोट हालेर जिताए पनि । तर, अब थाकिसके । 'जग्गाले आत्मनिर्भर बनाउँथ्यो होला', उनी भन्छन्, 'बास छैन, गाँस छैन । शिक्षा त झन् परैको कुरो हाम्रो लागि ।'

भूमि नभएकै कारण समाजमा दिनेशहरूले अनेक थरीका विभेद भोग्दै आएका छन् । भूमिमाथिको स्वामित्व नहुँदाको पीडा शिव र दिनेशजस्ता मुलुकका झन्डै ७० प्रतिशत दलितले भोग्दै आएका छन् । राष्ट्रिय जनगणना-२०६८ अनुसार दलितको कुल जनसंख्या १३.८ प्रतिशत अर्थात् ४१ लाख २४ हजार ३९ छ ।

संविधानले दलितमाथि गरिने सामाजिक विभेदको निर्मूल गरी समाजलाई समतामूलक बनाउन पर्याप्त अधिकार प्रत्याभूत गरेको छ । तैपनि सामाजिक तथा सांस्कृतिक, शैक्षिक, मानव विकासका दृष्टिले बहिष्करण र वञ्चितीकरणमा परिरहेकै छन् उनीहरू । मानव अधिकारको मूल आधार भूमि हो । भूमिले बास र गाँस दुइटैमा पहुँच स्थापित गर्छ ।

सामाजिक र शैक्षिक प्रतिष्ठा जोड्ने तत्त्व पनि भूमिमै छ । राष्ट्रिय मानव अधिकार आयोगले तयार पारेको दलित समुदायको मानव अधिकारको अवस्था प्रतिवेदन (२०७६-७७) अनुसार पहाडमा १५.३२ प्रतिशत र तराईमा ४४ प्रतिशत दलित भूमिहीन अवस्थामा छन् । यसमा पनि कृषि भूमिहीन दलित पहाडमा ७७ प्रतिशत र तराईमा ९० प्रतिशत छन् । त्यस्तै, राष्ट्रिय दलित आयोगले कुल जनसंख्याको २३ प्रतिशत दलितसँग एक टुक्रा पनि जग्गा नभएको दाबी गर्दै आएको छ ।

अनुसन्धानकर्ता पूर्ण नेपालीका अनुसार, ८७ प्रतिशत दलित भूमिहीन छन् भने १३ प्रतिशत गैरदलित भूमिहीन छन् । भूमिमाथि पहुँच नभएकै कारण दलितहरू जमिनदारकहाँ कामदार बनेका छन् । अधिकांश दलित कि त भूमिहीन सुकुम्बासी कि अत्यन्त कम जग्गा भएका किसान छन् । आफ्नो जग्गाजमिनको उत्पादनले जीविकोपार्जन हुँदैन । त्यसैले अरूका जग्गामा काम गरी हातमुख जोर्नुपर्ने बाध्यता छ ।

अधिकारकर्मी आहुति दलित वर्णव्यवस्था सुरु भएदेखि नै दलित भूमिहीन भएको बताउँछन् । झन्डै तीन हजार वर्षदेखि दलितलाई राज्यले नै सुव्यवस्थित तवरमा भूमिहीन बनाउँदै आएको हो । २०६२-६३ सालपछिको राजनीतिक परिवर्तनसँगै भूमिहीन दलित समुदायलाई क्षतिपूर्तिस्वरूप जग्गाजमिन उपलब्ध गराउनुपर्ने नीतिगत निर्णयहरू भएका छन् ।

नेपालको संविधानले दलितको भूमि अधिकारमा विशेष व्यवस्था गरेको छ, राज्यले भूमिहीन दलितलाई कानुन बनाएर एक पटक भूमि उपलब्ध गराउनुपर्ने भनेको छ । सुकुम्बासी आयोग नै गठन गरिएको छ ।

दलितको भूमिमाथिको अधिकार मौलिक हकमा सुनिश्चित गरेर राज्यले सकारात्मक विभेदको सन्देश दिन खोजे पनि कानुन बनाएर भूमि दिने भन्ने शब्दावलीले फेरि दलितको हकमाथि अंकुश लगाउन खोजिएको आहुतिको बुझाइ छ । कानुन बनाएरै कसलाई जमिन दिने या नदिने भन्ने नियमबाट दलित समुदायको मौलिक अधिकार कुण्ठित हुन सक्ने उनको तर्क छ । 'कानुन बनाएर ढिलाइ गर्न पाइने, राज्यको निम्ति बाध्यकारी नहुने भयो', उनी भन्छन्, 'यी शब्द भूमिहीन दलितका लागि घातक छन् ।'

सरकारले गरेको गरिबी सम्बन्धी विश्लेषणमा आर्थिक वर्ष २०७४-७५ मा नेपालको करिब १८.७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छ । त्यसमा पनि दलित समुदाय सबैभन्दा पींधमा छ । गरिबी निवारणका सरकारी नीतिहरूमा विपन्न र गरिब वर्गप्रति विभिन्न स्वरूपमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्ने उद्देश्य राखिने गरेको छ । तर त्यस्ता उद्देश्य पूर्तिका लागि पनि भूमिहीन दलितका समस्या समाधान हुन आवश्यक छ ।

भूमिहीन दलितले हातमुख जोर्नै समस्या झेल्नुपरेका बेला शिक्षाको खुट्किला चढ्नु असम्भवजस्तै हो । यद्यपि संविधानको धारा १८ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहको शिक्षा अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ । माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । मानव अधिकारको प्रतिवेदनले पनि भूमिहीनता, गरिबी र आर्थिक अभावका कारण दलितका अन्य सामाजिक पाटासँगै शैक्षिक विकासमा बाधा पुगेको प्रस्ट पारेको छ । दलितहरूको साक्षरता दर ५२.४ प्रतिशत मात्र छ जबकि राष्ट्रिय औसत ६५.९ प्रतिशत छ । त्यसमा पनि तराईका दलितको साक्षरता दर जम्मा ३४.५ प्रतिशत छ । प्राथमिक तह पढ्ने दलितहरू अलि बढी नै देखिए पनि १० कक्षासम्म पुग्नेहरूको संख्या १.६ प्रतिशत छ । त्यो दर स्नातकसम्म पुग्दा ०.८ प्रतिशत पुग्छ । दलित महिलाको साक्षरता दर ४५.५ प्रतिशत मात्र छ ।

पूर्ण नेपालीको शोध पुस्तक 'एक्सेस अफ दलित कम्युनिटी टु ल्यान्ड एन्ड दलित इन्क्लुजन एन एनालाइसिस फ्रम इन्टरसेक्सनालिटी पर्स्पेक्टिभ' अनुसार, भूमिहीन दलितको संख्या मधेश प्रदेशमा सबैभन्दा बढी ५८.४१ प्रतिशत छ । सातै प्रदेशको अध्ययन गर्दा पहाडे दलितमध्ये २९.७४ प्रतिशत भूमिहीन छन् । दार्चुला जिल्लामा ४२ प्रतिशत दलित भूमिहीन छन्, भूमि भएकासँग पनि कृषियोग्य जग्गा २ रोपनीभन्दा कम छ । त्यस्तै, कैलालीमा ७१ प्रतिशत दलित समुदायसँग जग्गाधनीपुर्जा छैन, तीमध्ये जम्मा १.१ प्रतिशतले भूमिका लागि सुकुम्बासी आयोगमा निवेदन दिएका छन् । भूमि नभएकै कारण उनीहरू शैक्षिक, सामाजिक, आर्थिक र समावेशीकरणजस्ता विषयमा पछि परेका छन् ।

नेपाल मधेश फाउन्डेसनको 'सिचुएसन

***बाँकी तेश्रो पृष्ठमा***

# समाजवादको मार्गचित्र : भ्रम र यथार्थ

**शंकर अधिकारी**

बाबुराम भट्टराई राज्यले औद्योगिक क्षेत्रमा लगानी गरी उत्पादन र रोजगारी बढाउनुपर्ने समाजवादी चिन्तनको भारी बोकेर अर्थमन्त्री भएका थिए । त्यसैले उनले दशकौंदेखि बन्द भएका सार्वजनिक क्षेत्रका उद्योगहरूमध्ये हेटौंडा कपडा, वीरगन्ज चिनी कारखाना र कृषि औजार कारखाना पुनः सञ्चालन गर्ने उद्देश्यका साथ अध्ययन गर्न मसहित दुई सहसचिवको अध्यक्षतामा सञ्चालक समिति गठन गरी स्थलगत अध्ययनपछि प्रतिवेदन पेस गर्न लगाए ।

पुरानो प्रविधिमा आधारित ती उद्योग पुनः सरकारले सञ्चालन गर्नुपर्ने उनको लहडी सोच दशकौंदेखि दीक्षित उनको मार्क्सवादी अर्थशास्त्रको उपज थियो । तत्कालीन अर्थसचिव लगायत सबैको फरक राय उनको सोच बीचैमा तुहिनु थियो, तुहियो ।

२०६४-६५ सालतिरका भट्टराई र आजका भट्टराईमा ठूलो अन्तर छ । तीन दशकभन्दा बढीको शास्त्रीय समाजवादी अर्थशास्त्रीय दर्शनले सृजना गरेको भ्रम टुट्न उनलाई ९ महिनाको अर्थमन्त्रीको कार्यकाल काफी रह्यो । आज उनी सरकारले उद्योग सञ्चालन गर्नुपर्ने भ्रमबाट मुक्त छन् । तर वर्तमान अर्थमन्त्रीलाई भने त्यो भ्रमले गाँजिरहेको छ, नत्र उक्त उद्योगहरू सरकारले सञ्चालन गर्नुपर्ने रटान बजेटमा लगाउँदैन थिए । वीरगन्जको कृषि औजार कारखाना राष्ट्रिय आविष्कार केन्द्रलाई सञ्चालन गर्न दिने अर्थमन्त्रीको पछिल्लो निर्णय भने सराहनीय छ ।

सरकारले के गर्ने र के नगर्ने भन्ने विषयको टुंगो आज होइन, तीन-चार दशकअघि नै लागिसकेको हो । वैश्विक अभ्यासले टुंग्याइसकेको विषय हो यो । त्यसैले सरकारले किन उद्योग सञ्चालन गर्नु हुँदैन भन्ने कुराको पुष्टि र तर्क यहाँ गरिरहन जरुरी नहोला ।

भट्टराई आज ठीक भन्दै छन्– पहिले पुँजीको विकास गर्नुपर्छ । केपी ओलीमा पनि पुँजीको विकास गर्नुपर्छ भन्ने चेत अवश्य छ । अन्य कतिपय नेतामा पनि यस्तो चेत आएको हुन सक्छ । तर पनि जीवनभरिको लिगेसी, निश्चित दर्शनमा स्कुलिङ भएका नेता-कार्यकर्ताको ठूलो पंक्ति र समाजवादको भुलभुलैयामा रहेको मतदाता पंक्ति ( कन्स्टिच्युएन्सी) ले सायद बोल्ने अनुमति नदिएको पनि हुन सक्छ । एकातर्फ दर्शनको हठधर्मिता चुँडाल्न गाह्रो, अर्कातर्फ बुझेर पनि राजनीतिक जोखिम लिएर सत्य बोल्ने आँट नआउने । 'सिद्धान्तनिष्ठ' हुनुका दुःख हुन् यी ।

समाजवादको मार्गचित्र

मूल प्रसंग घनश्याम भुसालद्वारा प्रस्तुत 'समाजवादको मार्गचित्र' को हो । समाजवादको मार्गचित्र प्रस्तुत गर्दै उनी भन्छन्, 'जुन दिन खाडी र मलेसियाबाट नेपाली कामदारहरूको अन्तिम किस्ता फिर्ती जहाज विमानस्थलमा ओर्लिन्छ, बुझ्नुस् कि समाजवादको पहिलो चरण पूरा भयो ।' उनको भनाइ अनुसार, 'यसका लागि पहिलो प्राथमिकता कृषि क्षेत्र हो, जहाँ हरेक कृषकको लागि न्यूनतम आम्दानीको प्रत्याभूति गरिनेछ । दोस्रो, आगामी एक दशकभित्र शिक्षा र स्वास्थ्य गुणस्तरसहित निःशुल्क गरिनेछ । तेस्रो, पर्यटन लगायत उद्योग क्षेत्रको विकास हो ।'

उपर्युक्त मार्गचित्र बिलकुल ठीक छ । भुसालले सार्वजनिक क्षेत्रको शिक्षा र स्वास्थ्य निःशुल्क गरी गुणस्तर अभिवृद्धिको कुरा गरेका छन्, न कि कतिपय नेताले जस्तो शिक्षा र स्वास्थ्यमा हाल भइसकेको निजी क्षेत्रको लगानी राष्ट्रियकरण गर्ने तथा निषेध गर्ने कुरा । कृषि क्षेत्रमा निर्भर जनसंख्या तात्त्विक मात्रामा नघटेसम्म भूमिको स्वामित्व सार्वजनिकीकरण गर्न नहुने उनको विचार छ । मार्गचित्रको लक्ष्यउपर त कुनै असहमति राख्नुपर्ने देखिँदैन । तर उनी दीक्षित दर्शन र सोचबाट उक्त मार्गचित्र कार्यान्वयन हुने सम्भावनाका सन्दर्भमा भने अवश्य प्रश्न उठ्छ । यसमा थुप्रै बहस र असहमतिका विषय हुन सक्छन् । मार्गचित्र कार्यान्वयनका लागि आवश्यक अतिरिक्त राजस्व आर्जनप्रतिको उनको मौनता नै सबैभन्दा खट्किएको विषय हो ।

समाजवादी मार्गचित्रको कार्यान्वयन

थप राजस्व परिचालनको तथ्यपूर्ण प्रस्थापनाबिना मार्गचित्र कार्यान्वयन गर्न अहिलेकै बजेट एकातिर काटेर अर्कोतिर थप्नुपर्ने अवस्था आउँछ । यस सन्दर्भमा चालु आर्थिक वर्षको संघीय मन्त्रालयगत विनियोजित बजेटलाई विश्लेषण गरौं । तालिका-१ मा कृषि, शिक्षा र स्वास्थ्य मन्त्रालयमा बजेट थप गर्दा पूर्वाधार विकाससम्बद्ध अन्य मन्त्रालयको बजेट केकति कटौती गर्नुपर्ने हुन्छ भन्ने सामान्य अनुमान प्रस्तुत गरिएको छ । भुसालको मार्गचित्र कार्यान्वयन गर्न हचुवा अनुमान गर्दा प्रत्येक वर्ष न्यूनतम २०० अर्ब रुपैयाँ थप बजेट आवश्यक देखिन्छ । कृषि मन्त्रालयको हालको बजेटमा न्यूनतम पनि डेढी ( १५० प्रतिशत), स्वास्थ्यमा ५० प्रतिशत र शिक्षामा ३० प्रतिशत बजेट थप गर्नुपर्ने हुन्छ ।

वर्तमान बजेट संरचनामा पनि शिक्षा र स्वास्थ्य मन्त्रालय आफैंमा धेरै बजेट भएका मन्त्रालय हुन् । यीबाहेक धेरै बजेट हुनेमा गृह, अर्थ, भौतिक पूर्वाधार, ऊर्जा तथा सिँचाइ, रक्षा र सहरी विकास मन्त्रालय पर्छन् । गृह र रक्षाको बजेट कटौतीको कम

***बाँकी तेश्रो पृष्ठमा***

# यसकारण कांग्रेस-एमाले सरकार

**मोहन दाहाल**

पुरानै सत्ता गठबन्धनले नयाँ सरकार गठनको पहल थालेपछि जनतामा निराशा छाउन थालेको छ। आमनिर्वाचन २०७९ ले संघ र प्रदेशमा त्रिशंकु संसद् (हंग पार्लियामेन्ट) जन्मायो, ०५१ सालमा जस्तै। यो परिणाम नेपालको संविधानको विशेष उपहार पनि हो।

संवैधानिक प्रावधान र निर्वाचन प्रणालीअनुसार कुनै एक पार्टीलाई बहुमत आउन निक्कै कठिन छ। नेपालको राजनीतिक विकासक्रमको इतिहासमा त्रिशंकु संसद्को परिणामजन्य अनुभूति सकारात्मक र सुखद भने छैन।

२०५१ सालको मध्यावधि निर्वाचनबाट बनेको त्रिशंकु संसदका कुकृत्य अहिले पनि धेरैको मानसपटलमा ताजै छन्। त्यही बेलादेखि राजनीतिमा आदर्श, सदाचार, दायित्वबोध तथा अनुसाशनको स्खलन क्रम बढेको हो। अझै रोकिने छाँटकाँट छैन।

संयोग नै होला अहिलेकै प्रधानमन्त्री शेरबहादुर देउवा त्यतिबेला प्रधानमन्त्री हुँदा त्रिशंकु संसद्मा चामत्कारिक घटना भएका थिए। अहिले पनि उहाँकै नेतृत्वमा सरकार गठनको प्रयास भैरहेको छ। कांग्रेसभित्रको परिस्थिति समान्य बने पहिलो किस्ताको प्रधानमन्त्री उहाँ नै हो।

सम्भावित सत्ताघटक दलका नेताको प्रवृत्ति, नियत र महत्वाकांक्षा हेर्दा देउवाले नेतृत्व गर्ने अबको नेपालको स्थिति पनि ०५१ सालभन्दा फरक हुने छैन। अर्थात अस्थिर, बिकृत, अन्यौलपूर्ण र भयावह हुने स्पष्टै छ ।

देउवा स्वयका कारणले होइन उहाँलाई माध्यम बनाउने गठबन्धनका नेताको नियतले यस्तो परिस्थिति आउने अनुमान गर्न कुनै गाह्रो छैन। आजसम्मका घटना परिघटनाको निचोड र बकपत्र नै यसका आधार हुन्।

सकेसम्म नेपाली कांग्रेस एक्लैले बहुमत हासिल गर्ने, सो नभए गठबन्धनलाई बहुमत दिलाउने रणनीति र कार्यनीतिका आधारमा यसपटक निर्वाचन भएको थियो। तर, मतदाताले सत्ता गठबन्धनको चुनावी रणनीतिलाई खारेज गरिदिए। जनताको खारेजीकै बाबजुद पुरानै गठबन्धनलाई सिला गरेर, तानतुन पारेर नयाँ सरकार बनाउने प्रयास भइरहेको छ ।

निकट अतितमा अदालतको परमादेशबाट ओली सरकारको बहिर्गमन पछि माओवादी अध्यक्ष पुष्पकमल दाहालको नीति तथा कांग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा गठबन्धन सरकार बन्यो। प्रदेश र केन्द्रका गठबन्धन सरकार यति अस्थिर र बिकृत भए कि तिनको थमौती र व्यवस्थापन मै डेढ वर्ष बित्यो।

स्पष्ट शब्दमा भन्नु पर्दा नेकपाको दुईतिहाइ बहुमतको सरकार बिघटन पछिको गठबन्धन सरकार र अदालतको आदेशबाट पुनर्स्थापित प्रतिनिधिसभा सेतो हात्ती सरह नै भए।

राष्ट्रको ढुकुटीको दोहन र सत्ताको दुरुपयोग गर्नुबाहेक जनताको हित र भलाइको कुनै काम नै भएनन्। त्यो हामी सबैले महसुस गरेकै हुनुपर्छ। निर्वाचन पछि पुनः पुरानै सत्ता गठबन्धनले नयाँ सरकार गठनको पहल थालेपछि जनतामा निराशा छाउन थालेको छ।

राजनीतिक स्थायित्व र स्थिरता, भ्रष्टाचाररहित छिटो छरितो सुशासन, अर्थतन्त्रमा सुधार र आर्थिक समुन्नति, पक्षपात र बिभेदरहित सन्तुलित विकास जस्ता जनसपना, चाहना र आकांक्षा फेरि स्खलित हुन थालेका छन्।

मुलुक र जनतालाई सम्भावित यस किसिमका अस्थिरता, अन्योलता र बिकृतिको कहाली लाग्दो भूमरीमा फस्नबाट जोगाउने मुख्य दायित्व र कर्तव्य अब ठूला दलको हैसियतले नेपाली कांग्रेस र नेकपा एमालेकै हो। आज पनि दुईतिहाइभन्दा बढी नेपाली जनताका आस्था र विश्वास यी दुई दललाई नै छ। जनादेश र मतादेशका ताजा सूचकले यही भनेको छ। यद्यपी यसपटक सत्ता पक्षको निर्वाचन रणनीति फरक थियो। रणनीतिले प्रभावकारी काम गरेको भए यो निर्वाचनले एमालेलाई बढारेर माओवादी केन्द्र नेपाली कांग्रेस बराबरीकै अवस्थामा आउनुपर्थ्यो। अर्थात एमाले बराबरको मत माओवादी केन्द्रले ल्याउनुपर्थ्यो। अनि एकीकृत नेकपा समाजवादीलाई तेस्रो ठूलो दल बन्नुपर्थ्यो। तर जनताले सत्ता गठबन्धनको रणनीतिलाई फेल गराइदिए।

बिडम्बना, लोकप्रिय मत ( समानुपातिक) को आधारमा नेकपा एमाले फेरि सबैभन्दा ठूलो पार्टी बन्न पुग्यो। जनताले सत्तागठबन्धनले एमालेसँग गरेको व्यवहारलाई ठीक नभएको सन्देश दिए।

त्यसैले त स्थायित्व, शान्ति र विकासका लागि आमनिर्वाचन २०७९ ले कांग्रेस र एमालेलाई मिलेर जाउ भन्ने सन्देश दियो। संविधानको मर्म र भावना अनुरूप पनि कांग्रेस र एमाले मिल्नुपर्ने देखियो।

नेपाली जनताको जनादेश र मतादेशमा अन्तर्निहित संवेदनशीलतालाई कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओलीले सुन्न, बुझ्न र सम्मानसहित कदर गर्न आवश्यक छ। जनताले दुवै पार्टीको समान भूमिका खोजेका छन्। दुई ठूला पार्टीबीच समझदारी र साझा कार्यक्रममा आधारित सहकार्य देख्न र अनुभूत गर्न चाहेका छन्। हाम्रो वर्तमान संवैधानिक व्यवस्था र प्रावधानले पहिलो ठूलो पार्टीले सरकारको नेतृत्व गर्नु पर्ने र दोस्रो ठूलो पार्टीले प्रतिपक्षमा बस्नैपर्छ भनेको छैन।

आजको सवाल सत्तामा जाने र प्रतिपक्षमा बस्ने भन्ने होइन्। सरकारको स्थायित्व, स्थिरता, विधिमा आधारित भ्रष्टाचार मुक्त लोककल्याणकारी सुशासन, आन्तरिक शान्तिसुरक्ष, समन्वयको स्थिति र

***बाँकी अन्तिम पृष्ठमा***

## भूमिहीन....

अफ मधेशी दलित्स अफ मधेश प्रोभिन्स' शीर्षक अनुसन्धान अनुसार, मधेशमा ६४.१ प्रतिशत दलित साक्षर छैनन्। स्नातक गरेका १.२ प्रतिशत मात्रै छन्। अनुसार मधेशी दलितको सामाजिक स्तर कमजोर देखिनुको मूल कारण आर्थिक अभाव भएको अनुसन्धानकर्ता एवं अधिकारकर्मी हीरालाल विश्वकर्मा बताउँछन्। आर्थिक अभाव हुनुको मूल कारण भूमिहीन हुनु नै हो। मधेशका ५५.२ प्रतिशत दलितले मोही, गुठी, जमिनदार, ऐलानीका रूपमा बिनालालपुर्जा जग्गा उपभोग गरिरहेका छन्।

संविधानले दलितलाई एक पटक भूमि दिने नीति ल्याए पनि त्यसको व्यावहारिक कार्यान्वयन हुन सकेको छैन। आर्थिक रूपले सबल नहुँदासम्म कुनै पनि समुदायको अस्तित्वरक्षा जटिल हुन्छ। त्यसैले भूमिहीन बनाइएका सीमान्तीकृत दलित समुदायलाई न्याय भनेकै जमिन उपभोग गर्ने वातावरण बनाइदिनु हो। बस्ने थलो नभएका समुदायले समाजमा कस्तो परिवर्तन ल्याउलान् ? र राज्यले उनीहरूको समृद्धिको अपेक्षा कहिलेसम्म गर्न मिल्छ ?साभार : कान्तिपुर

## समाजवादको.....

सम्भावना छ। रक्षा मन्त्रालयको बजेट कटौती गर्न सेनाको आकार घटाउनुपर्ने हुन्छ। अर्थ मन्त्रालयको अधिकांश खर्च पेन्सन तथा ऋणको साउँब्याज भुक्तानीमा जाने हो। अब ठूलै मात्रामा बजेट कटौती गर्न सकिने भौतिक पूर्वाधार, ऊर्जा तथा सिँचाइ र सहरी विकास मन्त्रालयको मात्र हो। कृषिलाई प्राथमिकता दिँदा सिँचाइतर्फको कटौती गर्न मिलेन। त्यसैले, भौतिक पूर्वाधार, ऊर्जा र सहरी विकासको क्रमशः १०० अर्ब, ५० अर्ब र ३० अर्ब रुपैयाँ कटौती गर्नुपर्ने हुन्छ। बाँकी मन्त्रालय तथा संघीय सरकारको आकार घटाउँदा २०-४० अर्ब रुपैयाँ कटौती गर्न सकिएला। यसबाट के स्पष्ट हुन्छ भने कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रमा मार्गचित्र अनुसार लगानी गर्ने हो भने सडक, ऊर्जा र सहरी पूर्वाधार विकासमा ठूलो संकुचन ल्याउनुपर्ने हुन्छ, जुन मुलुकको विकासका लागि प्रत्युत्पादक हुन जान्छ। त्यसो भए अब यो थप वार्षिक रु. २०० अर्ब कसरी परिचालन गर्ने त ?

थप राजस्व जुटाउने विषयको मौनताले मार्गचित्र अहिले नै कार्यान्वयनमा लैजान सम्भव देखिँदैन। स्रोतको आकलन नगरी बनाइने योजनाहरू कार्यान्वयनयोग्य हुँदैनन्। कृषि विकास तथा शिक्षा र स्वास्थ्य गुणस्तरसहित निःशुल्क गर्ने चाहना सबैको हुन्छ तर यसका लागि राजस्व बढाउनुपर्ने हुन्छ। कुनै भौतिक पूर्वाधारमा एक पटक खर्च गर्दा प्रतिफल दशकौंसम्म प्राप्त भइरहन्छ तर कृषि, शिक्षा र स्वास्थ्यमा गरिने खर्च सालवसाली प्रकृतिको हुन्छ।

राजस्व वृद्धि गर्न आर्थिक वृद्धिदर उच्च हुनुपर्छ। वृद्धिदर उच्च गर्न लगानीको आकार बढ्नुपर्छ। लगानी सार्वजनिक र निजी हुन्छ। सार्वजनिक लगानी बढाउन राजस्व, वैदेशिक अनुदान र ऋण तथा आन्तरिक ऋण बढ्नुपर्‍यो। वैदेशिक सहायता तथा आन्तरिक ऋण धेरै बढ्ने अवस्था छैन। नेपालले करका दर बढाउन सक्ने अवस्था पनि छैन। कुल गार्हस्थ्य उत्पादन (जीडीपी) सँग कर राजस्वको अनुपात दक्षिण एसियामा सबैभन्दा बढी नेपालकै छ। यसरी सार्वजनिक लगानीको आकार बढाउन नसक्दा निजी लगानी बढाउने हो। निजी लगानीमा स्वदेशी र प्रत्यक्ष वैदेशिक लगानी पर्छन्। नेपालमा स्वदेशी लगानीको पनि सीमा छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारत आगामी २५ वर्षमा विकसित मुलुकमा रूपान्तरित हुने घोषणा गरेका छन्। यसको प्रमुख आधार सार्वजनिकभन्दा प्रत्यक्ष वैदेशिक लगानी नै हो। तर नेपालमा 'समाजवादी' नेताहरू वैदेशिक लगानी र आर्थिक वृद्धिको कुरै गर्दैनन्। विदेशी लगानी साम्राज्यवादी र दलाल पुँजीका नाममा तिरस्कृत हुन्छ। मुलुकमा आर्थिक अवसर सृजना नगरी राजस्व कसरी बढ्छ ? पूर्वाधार तथा उद्योगमा विदेशी लगानी आकर्षित गर्न केके समस्या छन् ? उत्तर नखोजी लगानी बढ्दैन। लगानी नबढी राजस्व बढ्दैन।

लगानी तथा पुँजीविरोधी दर्शननिर्देशित शास्त्रीय समाजवाद दिगो हुँदैन। उदार लोकतान्त्रिक व्यवस्थामा अभ्यस्त भइसक्दा पनि अनुदार शास्त्रीय समाजवादकै वकालत गर्नुपर्ने थिएन। चीन र भियतनामजस्ता कम्युनिस्ट मुलुकहरूले धरि उदार आर्थिक नीति लिएको देख्दादेख्दै पनि हाम्रा 'समाजवादी' हरूलाई विदेशी लगानी र पुँजीलाई छिःछिः-दूरदूर किन गर्नुपरेको होला ? कृषि, शिक्षा र स्वास्थ्यको मार्गचित्र हासिल गर्न विदेशी लगानीविरोधी हुनुपर्दैन। उदार आर्थिक नीतिमार्फत आर्थिक अवसर सृजना, राजस्व वृद्धि र समाजवादी कार्यक्रमको मार्गचित्र बन्नुपर्ने हो।

विकासको मोडल

समकालीन वैश्विक विकास अनुभवले सबै मान्छेले एकै पटक एकै स्तरको जीवनस्तर हासिल गर्न सम्भव नहुने देखाउँछ। पहिले मध्यम वर्गको आकार बढ्दै जान्छ, गरिबी घट्दै जान्छ। यस क्रममा केही मान्छे धेरै सम्पन्न हुँदै पनि जान्छन्। एउटा विन्दुमा गरिबी उन्मूलन नै हुन्छ, जस्तो अहिले चीनमा छ। थोरै मान्छे धेरै धनी भए भन्दैमा विकासको पद्धतिलाई उल्ट्याइहाल्नुपर्दैन। आर्थिक असमानता धेरै बढ्दा प्रगतिशील कर लगाई नियन्त्रण गर्न सकिन्छ। अमेरिकामा बढ्दो आर्थिक असमानता नियन्त्रण गर्न प्रगतिशील कर प्रणालीको माग बढ्दो छ। हामी त पुँजी निर्माण चरणको पीँधमा भएकाले पुँजी निर्माण प्रोत्साहित हुनुपर्छ। पुँजीलाई उत्पादनशील बनाउने नीतिगत तथा शासकीय सुधारले हो।

पुँजीवादसृजित चरम उपभोक्तामुखी विकासले जलवायु संकट ल्याएकै हो, तथापि तत्कालीन सोभियत रूस र चीनले पनि विकासको नयाँ भाष्य दिन सकेनन् त ! उपभोक्तामुखी विकासलाई नै आत्मसात् गरे ! आखिर हरित विकासको अवधारणा पनि पुँजीवादले नै ल्याउनुपर्‍यो। रूस र चीनले शस्त्रास्त्र निर्माणमा अमेरिकासँग प्रतिस्पर्धा गरेकै छन्। त्यसैले, हामीले आजै विकास तथा समृद्धिको समकालीन भाष्य, पद्धति तथा उपभोक्तामुखी वैश्विक संस्कृतिलाई 'युटर्न' गर्न सक्दैनौं। त्यस्तो नवीनतम भाष्यको सृजना, अभ्यास र स्वीकार्यता हासिल गर्न निकै गाह्रो छ। इस्वी संवत्को १९ औं शताब्दीको मध्यबाट पश्चिम युरोपमा रेलवे लाइन निर्माण हुँदै गर्दा जारशाहीले रोजगारी गुम्ने बहानामा आफूकहाँ त्यसको विस्तार नगर्दा रूस पछाडि परेको हो। त्यसै गरी, उदार आर्थिक नीतिबाटै सिंगापुरमा ली क्वान युले ८ प्रतिशतको आर्थिक वृद्धि गर्दैगर्दा भारतमा नेहरू र नेपालमा राजा महेन्द्रले क्रमशः राज्यनियन्त्रित समाजवाद र मिश्रित अर्थतन्त्र नामको नियन्त्रित आर्थिक ढाँचा अपनाउँदा भारत र नेपाल पछाडि परेको स्विकार्नैपर्ने हुन्छ। त्यसैले विकास र समृद्धिको मामिलामा यथार्थवादी एवं व्यवहारवादी हुनुपर्छ।

विकासको नयाँ भाष्य 'हरित विकास' हो। यो भाष्यलाई साकार गर्न हामीले जलविद्युत्को शीघ्रातिशीघ्र विकास गर्नुपर्छ। यसमा भारत लगायतसँग सहकार्य जरुरी छ। जलविद्युत्मा वैदेशिक लगानी आकर्षित गर्न भारत लगायतसँग सहकार्यको विषय समाजवादी मार्गचित्रमा अट्नुपर्थ्यो। जलविद्युत् अनन्तकालीन तुलनात्मक लाभको क्षेत्र होइन। अरूसँग सहकार्य नगरी आफैं बनाउन नसके बगेरै जाओस् भन्ने सोचले हामी जलविद्युत्मा पछि पर्‍यौं। विकास मामिलामा प्रकट हुने उग्रराष्ट्रवादी चिन्तनले धकेल्ने पछाडि नै हो, अगाडि होइन।

पुँजीवादले सारा संसारमा पारेको प्रभावको हिसाबकिताब पनि आवश्यक छैन। अमेरिकाको आर्थिक असमानता सम्भेर हाम्रो टाउको दुख्नुपर्दैन। उपलब्ध अवसरको पहिचान हाम्रा लागि महत्त्वको कुरा हो। सय वर्षपछि विश्व नै समाजवादी भएछ भने हामी अवश्य त्यसबाट अछुतो हुनेछैनौं। सय वर्षपछिको समाजवादी कल्पनामा डुबेर आजको पुँजीवादबाट सृजित अवसरबाट वञ्चित हुनु बुद्धिमानी ठहर्दैन। हामीले आज गर्नुपर्ने काम गरौं। समाजवादमा जान पनि पुँजीको विकास त गर्नैपर्‍यो! समृद्धि हासिल गर्न आगामी पाँच दशकसम्मको व्यावहारिक मार्गचित्र तयार गरौं। प्रविधिले अन्तरआबद्ध आजको दुनियाँ सीमारहित विश्वग्रामको परिधिमा समेटेकाले हामी अलगथलग रहन सक्दैनौं। परिस्थितिसापेक्ष अनुकूलित हुने पुँजीवाद सार्वकालिक सामर्थ्यसहित भिन्न स्वरूपमा प्रकट हुन सक्छ। त्यसैले पुँजीवादको नकारात्मकभन्दा सकारात्मक बाह्यता (पजेटिभ एक्स्टर्नालिटिज) बढी भएकाले यसलाई सराप्नेले भन्दा यसबाट सृजित अवसरको उपयोग गर्नेले जित्ने हो।

वैदेशिक रोजगारीप्रतिको हाम्रो भाष्य पनि परस्पर विरोधी छ, यथार्थवादी छैन। मुलुकमा लगानीको वातावरण निर्माणार्थ प्रतिकूल हुने आर्थिक नीतिका पक्षपाती हामी युवा पुस्ता विदेश गएकामा भने असन्तुष्ट हुन्छौं। अवसरबिनाको आजको कालखण्डमा युवा विदेसिँदैमा डुबिहालियो भन्ने भाष्य पनि यथार्थवादी होइन। स्वदेशी रोजगारीको अभावबीच वैदेशिक रोजगारीको अवसर पनि नहुँदो हो त हाम्रो हालत कस्तो हुन्थ्यो होला ? वैदेशिक रोजगारीको अवसर नभएको भए स्वदेशमा रोजगारी सृजना हुन्थ्यो नै भन्ने हुँदैन। पञ्चायतकालमा वैदेशिक रोजगारीको अवसर थिएन, तैपनि स्वदेशमा रोजगारी थिएन त ! २०५० सालअघिको युवा निर्वाहमुखी कृषिमा आश्रित थियो भने आज वैदेशिक रोजगारीमा छ। पहिलोभन्दा दोस्रो अवस्था केही राम्रो हो। कृषि, जलविद्युत्, पर्यटन, उद्योग र पूर्वाधारमा लगानी नबढ्दा रोजगारी बढेन। उदार अर्थनीतिका कारण बेरोजगारी बढ्यो भन्नु भ्रम हो। उदार आर्थिक नीतिपूर्व पनि रोजगारी त कमै थियो। हामीले तीन दशकमा ३० हजार मेगावाट जलविद्युत् उत्पादन गर्न किन सकेनौं ? उदार अर्थनीतिले गर्दा कि अनुदार, उग्रराष्ट्रवादी, लगानीविरोधी सोच तथा निर्णयहीनताका कारण नसकेको होला ? राज्यले नै रोजगारी दिनुपर्छ भन्ने सोचले हामी पर्ने पछाडि नै हो।

वैकल्पिक राजनीतिका अभियन्ताहरूले उठाएको सुशासनको मुद्दा त अहं हो, तर पुँजी निर्माणका विषयमा उनीहरू पनि मौन छन्। आफूलाई 'सेन्टर टु लेफ्ट' दाबी गर्ने वैकल्पिक राजनीतिका हिमायतीहरूले शिक्षा र स्वास्थ्यको विषय केन्द्रबाट त खुबै उठाएका छन्, तर शिक्षा र स्वास्थ्य गुणस्तरीय र निःशुल्क हुनुपर्छ भन्न जानेर मात्र भएन ! त्यसो त राज्यको क्षमता भएको भए रामशरण महतले पनि भन्थे होलान्। समाजवादी नेता प्रदीप गिरिले त भनेकै हुन्। भन्नुपर्ने त शिक्षा र स्वास्थ्य निःशुल्क गर्ने क्षमता कसरी आर्जन गर्ने भन्ने हो।

आर्थिक वृद्धि र अर्थतन्त्रको आकार

सुशासन त विकास र समृद्धिको प्रस्थानविन्दु नै हो। पुँजी निर्माणार्थ सुशासन आवश्यक शर्त हो, पर्याप्त होइन। पुँजी निर्माणमुखी एमसीसी लगायतका परियोजनाको विरोध हुनु विडम्बना हो। पुँजी निर्माण नभई राजस्व बढ्दैन। राजस्व नबढी शिक्षा र स्वास्थ्य निःशुल्क गर्ने पैसा कहाँबाट आउला ! अहिलेकै राजस्वबाट लोककल्याणकारी राज्य स्थापित गर्न गाह्रो छ। तसर्थ अर्थतन्त्रको आकार बढाउनु जरुरी छ। अर्थतन्त्रको आकार बढाउन उच्च आर्थिक वृद्धिदरको भूमिकाको सन्दर्भलाई तालिका-२ ले पुष्टि गर्छ।

तालिका-२ मा आर्थिक वृद्धिदर र जीडीपी दोब्बर हुन लाग्ने समय देखाइएको छ। निरन्तर ४ प्रतिशतको वृद्धिले १७ वर्ष ८ महिनामा र ८ प्रतिशतको वृद्धिले ९ वर्षमा अर्थतन्त्र दोब्बर हुन्छ। त्यसै गरी ३ प्रतिशतको वृद्धिले २३.५ वर्ष र १० प्रतिशतको वृद्धिले ७.२५ वर्षमा अर्थतन्त्र दोब्बर हुन्छ। नेपालले आगामी एक दशकसम्म निरन्तर ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सक्ने हो अर्थतन्त्र दोब्बर हुने थियो। वृद्धिदर ४ को सट्टा ७ प्रतिशत हुनुले नै अर्थतन्त्रको आकारमा ठूलो अन्तर ल्याउँछ। अर्थतन्त्रको आकार बढ्दा रोजगारी र राजस्व पनि बढ्छ।

नेपालले विगतमा अर्थतन्त्रको आकार उत्साहप्रद रूपमा बढाउन सकेन। एक सय चार वर्षको राणा शासनमा त आर्थिक वृद्धि शून्यको नजिक भएको अनुमान गर्न सकिन्छ, अर्थतन्त्रको लेखाजोखा नै थिएन।

तालिका-३ मा नेपाल, भारत, चीन र सिंगापुरको सन् १९६१ देखि हालसम्म विभिन्न कालखण्डको आर्थिक वृद्धिको तुलनात्मक तथ्यांक प्रस्तुत गरिएको छ। यसले समृद्धिमा आर्थिक वृद्धिको महत्त्वलाई उजागर गर्छ।

नेपाल, भारत, चीन र सिंगापुरको सन् १९६१-२०२१ सम्म ६ दशकको औसत वार्षिक वृद्धिदर क्रमशः ३.२४, ४.२६, ८.२० र ८.६८ प्रतिशत छ। नेपालले सन् १९९१-२००२ को एघारवर्षे अवधिमा सबैभन्दा बढी ५ प्रतिशत र भारतले सन् २००३-१९ को सोह्रवर्षे अवधिमा सबैभन्दा बढी ७.२९ प्रतिशतको आर्थिक वृद्धि गरेका छन्। त्यसो त भारतले सन् १९९१ देखि हालसम्म नै ६ प्रतिशतको औसत वृद्धि हासिल गर्न सकेको छ। उता चीनको सन् १९८० देखि हालसम्म ४ दशकको औसत आर्थिक वृद्धिदर नै ९.५ प्रतिशत देखिन्छ। सिंगापुरले सन् १९६१ देखि नै उच्च आर्थिक वृद्धिदर हासिल गरिरहेको छ, त्यसमा पनि सन् १९६१ देखि १९८० सम्म (चीनको माओकाल) मा सबैभन्दा बढी ९.६१ प्रतिशतको आर्थिक वृद्धि गरेको छ। सिंगापुर विकसित मुलुक भइसकेकाले गत दशकको वृद्धि भने सबैभन्दा कम ३.८८ प्रतिशत छ। सिंगापुरको सम्पन्नता र चीनको तीव्रतर विकासको आधार उच्च आर्थिक वृद्धि नै हो।

सन् २०२०-२१ को कोभिड कालखण्डबाहेक पञ्चायतकालीन नेपालमा सबैभन्दा कम वृद्धि ३.२४ प्रतिशत छ। त्यसमा पनि सन् १९६१-८० को अवधिमा त १.६ प्रतिशत मात्र छ। माओवादी युद्धकाल सन् १९९६-२००६ को वृद्धि पनि ४.०३ प्रतिशत मात्र छ। नेपालमा जस्तै भारतमा पनि उदार आर्थिक नीतिपूर्व सन् १९६१-९० को अवधिको वृद्धिदर सबैभन्दा कम ४.२६ प्रतिशत छ। चीनमा माओकाल सन् १९६१-८० मा सबैभन्दा कम ५.७८ प्रतिशतको वृद्धि देखिन्छ।

आर्थिक वृद्धि कस्तो र कसका लागि ? आर्थिक वृद्धि दिगो, समावेशी तथा रोजगारीमुखी हुनुपर्छ। तर वृद्धि सधैं यस्तो नहुन पनि सक्छ। कम्तीमा आज आर्थिक वृद्धि दिगो, वातावरणमैत्री वा हरित वृद्धि हुनैपर्ने हो। नेपालमा हरित वृद्धिको सम्भावना प्रचुर छ तर त्यो समावेशी र रोजगारमुखी भएन भने त्यसलाई त्याग्ने कि अपनाउने ? समाजवाद मात्रैको कुरा गर्ने अधिकांश नेपाली कम्युनिस्ट नेताहरू आर्थिक वृद्धिको उच्चारण गर्दैनन्। अझै कम समावेशी-रोजगारमुखी वृद्धि त ग्राह्य हुने कुरै भएन। तर आर्थिक वृद्धि कम समावेशी र कम रोजगारमुखी हुँदैमा त्याज्य हुँदैन। दोस्रो विश्वयुद्धपश्चात् आर्थिक समृद्धि हासिल गर्दै गरेका मुलुकहरूको अनुभवले यसको पुष्टि गर्छ। आर्थिक वृद्धिले कम्तीमा अर्थतन्त्रको आकार र राजस्वको आकार त बढाउँछ; राजस्व बढ्दा समाजवादी मार्गचित्र कार्यान्वयन पनि सम्भव हुन्छ; आर्थिक वृद्धिले नसमेटेको वर्ग र क्षेत्रलाई कृषि, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको लगानीमार्फत टेवा दिन सकिन्छ; तर नेपालको जस्तो आयातमुखी वृद्धि र राजस्व भने मुलुकको दीर्घकालीन वित्तीय स्वास्थ्यका लागि राम्रो मानिँदैन। त्यसैले हामीले स्वदेशी र विदेशी लगानी बढाई उच्च आर्थिक वृद्धिमार्फत राजस्व बढाउनु जरुरी छ। अन्यथा समाजवादी मार्गचित्रको कार्यान्वयन दुरूह हुनेछ। अधिकारी पूर्वअर्थसचिव हुन्।सभार इकान्तिपुर

## पोखरीया.....

विद्युत चुहावटमा अग्रपंक्तिमा रहेर आलोचना खेपिरहेको प्राधिकरणले विद्युत चुहावटको प्रतिशतले घटाएको छ।

प्राधिकरणका कर्मचारीहरु प्रहरी र स्थानीय प्रशासनको सहयोगमा कटीवलुवा, फाखरा, सन्धि, निचुटा लगायतका विभिन्न स्थानहरुबाट विद्युत चोरी गर्ने ६ जनालाई पक्राउ गरी जरिवाना असुल गरिएको शाखा प्रमुख फाले बताए।

लामो समयसम्म पनि विद्युत महशुला भुक्तानी नगर्ने अटेरी गर्नेहरुको लाइन काटिने र उनीहरुबाट बाँकी महसुल वापतको रुपियाँ असुल गरिने प्राधिकरणले जनाएको छ।

विद्युत चोरी गर्ने कृष्णा दास , मन्तु राम , ब्रहमदेव यादव , रामनारायण यादव , ठेकन यादव र राजवंशी मुखियालाई राती हुकिङ गरी विद्युत चोरी गरिरहेको अवस्थामा पक्राउ गरी पोखरीया ल्याइएको शाखा प्रमुख फाले बताए।

व्यापक रुपमा हुकिङ गरी विद्युत चोरी गर्ने प्रवृति बढेको बेला प्राधिकरणले शुरु गरेको यो प्रयासले अवश्य पनि चुहावट नियन्त्रणमा राम्रो शुरुवात भएको छ।

## धानको.........

हामी किसानहरुले धान बेच्नै पर्ने बाध्यताले वर्षेनी सस्तोमा धान बेचिरहेका छौं तर हाम्रो दुखेसो सुनिदिने कोही छैनन् , न त नेता , न सासंद , न मन्त्रि।

त्यसैले हामी आफ्नो हकका लागि आफै सडकमा आउनुपरेको हो। त्यस्तै किसान महासंघका जिल्ला अध्यक्ष अमर प्रसाद यादवले सरकारले धान समयमा निर्धारित मुल्यमा नलिदा विचौलियाले फाईदा लिरहेको तथा खेतीपातीका लागि धान बेचन नपाएको र खाध समेत नपाएकोमा अवस्थामा अन्य खेतीपातीलाई ढिलो हुँदा किसानहरुलाई ठुलो नोक्सानी बेहोर्नुपर्ने अवस्था सिर्जना भएको गुनासो गर्दै सरकारले नसुनेको कारण बाध्यताले आन्दोलनमा उत्रिनुपरेको बताए।

किसान अगुवा किशोरी प्रसाद साह भन्छन् , किसानले भोग्दै आएको समस्यामा झन् समस्या थपिदै गएको तथा सरकारले धानको मुल्य निर्धारण गरेपनि त्यो अनुसारको मुल्यमा धान बेच्न समेत नपाएको अवस्था छ। त्यसैले आज सरकार तथा सम्बन्धित निकायको ध्यानाकर्षण गर्नका लागि आन्दोलन गर्नुपरेको हो।

कार्तिक १६ गतेको मन्त्रीपरिषद्को बैठकले यसवर्षका लागि धानको समर्थन मूल्य निर्धारण गर्दै मोटा धानको मूल्य २९ सय ६७ र मध्यम धानको ३१ सय २८ रुपैयाँ तोके पनि यो मूल्यले किसानलाई लाभ पुग्ने स्थिति नरहेको कारण सरकारलाई ध्यानाकर्षण गराउने उद्देश्यले पहिलो दिन किसानहरुले खाध व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा आधा घण्टा धर्ना समेत दिएका छन्।

यसअघि किसान महासंघले घोषणा गरेको आन्दोलनको कार्यक्रम अन्तर्गत नै मंसिर २५ गते आज खाद्य कम्पनीको देशभर रहेको कार्यालय तथा डिपोमा धर्ना दिईएको हो। निर्धारित आन्दोलनको अवधिभित्र धान खरिद प्रक्रिया सुरु नगरिए दोस्रो चरणको आन्दोलन सार्वजनिक गर्ने महासंघले चेतावनी दिएको छ।

## बाराका......

**स्रोतका अनुसार झन्डै ८ करोड रुपैयाँ उद्योगले बिउ र औषधिमा किसानको लागि ऋण लगानी गरेको छ। किसानले उखु काटेर बिक्री गर्ने समयमा यस्तो रोगको प्रकोप बढेकोले चिनी उद्योग पनि सञ्चालनमा आइसकेको छैन।**

**यसभन्दा अघि ९६६९, दहीचिउरा, ९२२६८, ९२३८ जातको खेती गरिन्थ्यो। जसबाट प्रति क्विन्टल साढे ८ केजी चिनी निस्कने गरेको थियो। साभार : कान्तिपुर**

## साल्टट्रेडिङ.....

छैन।यसले गर्दा सिराहाका किसान यतिबेला चिन्तितसँगै दुःखी देखिएको छ।

यता, साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड लहानमा कर्मचारी र सहकारी मिलेर मलखाद्य घुप्चुप्प गर्नमा लागेको देखिन्छ। केही समय उता, करिब १० दिन पहिले भर्खरै जनमत पार्टीबाट निर्वाचित भएका प्रदेश सांसद संजय यादवको टोलीले साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको अफिस कार्यालय लहानमा अनुगमन गर्दा , त्यहाँ कर्मचारीहरुले निकै लापरबाही गरि रहेको देखियो।

जस्तो कि सुचना लुकाउने , सुचना पार्टीमा सुचना नराख्नु, गोदाममा मल राख्ने किसानलाई नदिने , कार्यालय प्रमुख जितेन्द्र कुमार साह अनेकन बहानामा हप्तौंहप्ता गायब रहने , बाहिर बस्ने अनेकन बेतिथि देखिएको थियो।

कृषि सामग्री कम्पनी लिमिटेड लहानका प्रमुख दिपक पौड्यालपनि कसैभन्दा कम छैन। वहाँ पनि दिनभर गेहुँ , मलको चलखेलमा उतिकै बर्चस्व राख्ने गर्दछन। मल छैन जानुस् सहकारीमा लिनुस हामीले बितरण गरि सकियो , हामी दिन मिल्दैन जस्ता प्रतिक्रिया दिने गरेको किसानहरू सुनाउँछन्

यो सँगै किसानले गेहुँ बिउँ र मलको अभाव खेपिरहदा किसानलाई साहाराको कुनै बाटो देखिएको छैन, सबै मौन छन। साल्ट ट्रेडिङ कार्यालयका एक कर्मचारीका अनुसार डिएपी मल हामी दिदैनौं, त्यसको सट्टामा एसएसपी मल आएको र , त्यो सहकारीलाई स्थानीयतह पालिकाको सिफारिसमा दिन्छौं। युरिया छ , तर प्रत्यक्ष किसानलाई दिदैनौं। ८१७ पर्ने अहिले युरिया अहिले १५०० मा कुनैकुनै सहकारीले बेच्ने गरेका छन। सिराहामा कालोबजारी बढेकै छ। सेटिङ , मिलेमतो भएकै छ। तर, निकायको मौनता र मिलेमतो कायमै छ।

# नगरवासिको समस्या बुझ्न टोलटोलमा पुगे मेयर सिंह



वीरगञ्ज,२५मंसिर ।
वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले नगरका विभिन्न टोलमा पुगेर नगरवासीसँग सुझाव लिन थालेका छन् ।

नगरवासीकै चाहना अनुरुप काम गर्ने प्रतिबद्धता जनाएका सिंहले नगरको विकासमा नगरवासीको प्रत्यक्ष सहभागिता गराउन उनीहरुका सुझाव संकलन गर्न सुरु गरेका हुन् ।
मेयर सिंहले शनिबार विहान वडा नम्वर १ बजार छपकैयाँको नयाँ टोलामा स्थानीयलाई भेट्दै त्यहाँको विकासका लागि गर्नु पर्ने कामका बारेमा सुझाव लिएका छन् ।

मेयर सिंहसहित पुगेको टोलीलाई स्थानीयले फुलमाला लगाएर स्वागत गर्दै आफ्नो टोलमा बाटो, नाला र विद्युतीय तारको व्यवस्था मिलाइदिन आग्रह गरे ।

स्थानीयको समस्या सुन्दै मेयर सिंहले आफूहरु समस्या समाधानका लागि नै टोलटोलमा आएको भन्दै अगाडि आएका समस्या समाधानका लागि तत्काल काम अघि बढाइने बताए ।
कर्मचारीसहित लिएर पुगेका मेयर सिंहले नयकाटोलाको सडक र नाला निर्माणका लागि आवश्यक इस्टिमेट तयार पारेर काम अघि बढाउन निर्देशन दिए ।
सँगै रहेका वडा सदस्य दिपेन्द्र राउतले विद्युतीय तारका लागि प्राधिकरणसँगको समन्वयमा तत्काल समस्या समाधान गर्ने गरी काम गर्ने स्थानीयलाई प्रतिबद्धता दिलाए ।

नयकाटोलाबाट निस्केका मेयर सिंहले वडा नम्वर २४ रामगढवामा पुगेर त्यहाँ निर्माण भइरहेको सडक ढलानको अनुगमन गर्दै गुणस्तरीय काम गर्न निर्देशन दिए ।

ढलानमा प्रयोग भइरहेको छड तथा सिमेन्ट बालुवाको मिश्रण परीक्षणका लागि कर्मचारीलाई निर्देशन दिँदै सडक ढलानको ठेक्का लिएका ठेकेदारलाई पनि मापदण्ड अनुरुप निर्माण गर्न निर्देशन दिए ।
त्यस लगत्तै रामगढवाका स्थानीयसँग भेट गर्दै उनले त्यहाँको विकासका लागि गर्नु पर्ने कामको सुझाव मागेका थिए ।

स्थानीयले तिलाबे नदीका कारण वर्षायाममा आफ्नो टोल डुबानमा पर्ने भएकाले त्यसका लागि सहज निकासको उपलब्ध गराउन नाला र सडक निर्माण गरिदिन आग्रह गरे ।

त्यहाँबाट वडा नम्वर २१ परवानीपुर पुगेका सिंहले धम्म तराई विपश्यना केन्द्र अगाडी रहेको पार्कको निरीक्षण गर्दै त्यसलाई व्यवस्थित बनाउन निर्देशन दिए ।
शनिबार नै मेयर सिंहसहितको टोली वडा नम्वर २७ रामपुर जसौली पुग्यो । तिलाबे नहर वारी नै गाडी रोकेर साँघुरो कल्भर्ट हुँदै पुगेको टोलीलाई त्यहाँका स्थानीयले पुल नहुँदा आफूहरुले समस्या भोगि रहेको भन्दै नहरमा सवारी आउजाउ गर्न मिल्ने पुल बनाइदिन आग्रह गरे ।
मेयर सिंहले आफूहरु त्यसैको लागि आएको भन्दै सँगै रहेका इन्जिनियर भरत बहादुर थापालाई नापजाँच गरेर इस्टिमेट तयार पार्न निर्देशन दिए ।
रामपुर जसौलीमा रहेको श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको भौतिक स्तरोन्नतिका साथै शैक्षिक अवस्था सुधारका लागि आवश्यक व्यवस्था मिलाउने पनि मेयर सिंहले प्रतिबद्धता जनाए ।

त्यहाँबाट वडा नम्वर २२ जगरनाथपुर फर्केको टोलीले त्यहाँ स्थानीयसँग छलफल गर्दै स्थानीय स्तरमा रहेका समस्याको जानकारी लियो ।

विभिन्न वडामा चालु रहेका योजनाको अनुगमन, गर्नु पर्ने कामहरुको प्राथमिकिकरण र योजना कार्यान्वयनका लागि मेयर सिंह कर्मचारीसहित टोलटोलमा पुग्न लागेका हुन् ।

मेयर सिंहले प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेल, योजना शाखाका राजेश चौरसिया, इन्जिनियर भरत बहादुर थापा लगायतको टोली लिएर टोल टोल पुगेका हुन् ।

# स्वर्गीय पत्रकार सर्राफको परिवारलाई महानगरले आर्थिक सहयोग गर्ने घोषणा

वीरगञ्ज - वीरगञ्जका युवा पत्रकार स्वर्गीय नरेस सर्राफको परिवारलाई वीरगञ्ज महानगरपालिकाले ५ लाख रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने भएको छ ।सर्राफको १० औं दिनको पुण्य तिथिमा आइतबार रेडियो वीरगञ्ज परिसरमा आयोजित श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै महानगरका मेयर राजेशमान सिंहले परिवारको जिविकोपार्जनका लागि महानगरको तर्फबाट ५ लाख रुपैयाँ आर्थिक सहयोग प्रदान गर्ने घोषणा गरे ।

सर्राफको निधनले पर्सेली पत्रकारितामा कमी महशुस गराएको भन्दै मेयर सिंहले उनको सम्झनामा पत्रकार महासंघ तथा पत्रकारसम्बद्ध संस्थाको अगुवाईमा स्मृति कोष खडा गर्न महानगरले १० लाख रुपैयाँ उपब्ध गराउने पनि बताए ।
यस्तै उनले स्वर्गीय सर्राफको छोरीको पठन पाठनको जिम्मा महानगरले लिने भन्दै उनको इच्छा बमोजिमको विद्यालयमा महानगरले पढ्ने व्यवस्था मिलाउने पनि बताए ।

यस्तै स्वर्गीय सर्राफको परिवारलाई रेडियो वीरगञ्जले १ लाख, समाजवादी प्रेस संगठनले १ लाख, भूमी आयोग पर्साका अध्यक्ष एवं जसपाका नेता तबरेज अहमदले ५० हजार रुपैयाँ नगद उपलब्ध गराएका छन् ।



रेडियो वीरगञ्जका अध्यक्ष ध्रुव साहको सभापतित्वमा भएको श्रद्धाञ्जलीसभामा पर्साका पत्रकार, विभिन्न राजनीतिक दलका प्रतिनिधि, व्यवसायी सहभागि रहेका थिए । कार्यक्रमको सञ्चालन समाजवादी प्रेस संगठनका पर्सा जिल्ला अध्यक्ष मनोज पटेलले गरेका थिए ।

# संघीयता कार्यान्वयनका लागि एकजुट हुन आवश्यक छ : प्रधानमन्त्री देउवा

काठमाडौं – प्रधानमन्त्री शेरबहादुर देउवाले संघीयताको सफल कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि एकजुट भएर अगाडि बढ्न आवश्यक रहेको बताएका छन् । उनले तीनवटै तहलाई संघीयता कार्यान्वयनका लागि एकताबद्ध भएर अघि बढ्न पनि आह्वान गरेका छन् । गाउँपालिका राष्ट्रिय महासंघको तेस्रो राष्ट्रिय महाधिवेशनललाई सम्बोधन गर्दै प्रधानमन्त्री शेरबहादुर देउवा । तस्बिर : रोशन सापकोटा/रासस
गाउँपालिका राष्ट्रिय महासंघको तेस्रो राष्ट्रिय महाधिवेशनलाई काठमाडौंमा आइतबार सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले मुलुकको अबको प्राथमिकता स्थानीय सरकारको सवलीकरण गर्दै जनतामा सुशासन र विकासको अनुभूति गराउनु रहेको बताए । 'अबको हाम्रो प्राथमिकता संघीयता, लोकतन्त्रको आधारस्तम्भको रुपमा रहेको स्थानीय सरकारको सवलीकरण गरी नागरिकमा सुशासन र विकास अनुभूति गराउने हुनुपर्दछ । संविधानको साझा अधिकारको रुपमा रहेको केही द्विविधाहरू, अस्पष्टताहरूलाई थप स्पष्ट पार्दै संघीयताको सफल कार्यान्वयनका लागि अघि बढ्न हामी सबै एकजुट हुन आवश्यक छ,' उनले भने ।संघीय सरकारले तदारुकता देखाई संघ, प्रदेश र स्थानीय तहलाई क्रमशः कानुन बनाउन तथा संघीयतालाई सहजीकरण गर्नुपर्ने खाँचो रहेको बताउँदै प्रधानमन्त्री देउवाले भने 'पुराना कानुनहरूलाई संविधानअनुकूल बनाउन तथा निजी सेवा, शिक्षा, स्वास्थ्यलगायतका विषयहरूको कानुन तत्काल बनाउने प्रयासलाई प्राथमिकता दिनुपर्ने स्थिति छ ।' प्रधानमन्त्री देउवाले देशभरका स्थानीय तहका जनप्रतिनिधिलाई जनसेवाको कामलाई प्रभावकारी रुपमा सम्पन्न गर्न सार्वजनिक सुनुवाइ, जनभेला, जनसहभागिता, घरदैलो सेवा, हेलो सरकार लगायतका सबै सार्वजनिक सेवाहरूलाई प्रभावकारी रुपमा सबै तहमा लागू गर्न आग्रह गरेका छन् । उनले भ्रष्टाचार शून्य नीति लिएर अघि बढ्न पनि स्थानीय तहका जनप्रतिनिधिलाई आग्रह गरेका छन् । स्थानीय तहले संरचनात्मक सुधार, सेवा प्रवाहका लागि नवीन प्रविधिको उपयोग गरी सेवाग्राही केन्द्रित योजना बनाई अगाडि बढेमा सुशासनलाई स्थानीय तहमा संस्थागत गर्न सकिने उनको भनाइ छ । प्रतिनिधिसभा र प्रदेशसभाको मंसिर ४ को निर्वाचन तथा स्थानीय तहको गत वैशाखको निर्वाचनले मुलुकमा उत्तरदायी नेतृत्वको विकासलाई थप सबलीकरण गरेको प्रधानमन्त्री देउवाको भनाइ थियो । प्रधानमन्त्री देउवाले मुलुकमा विद्यमान गरिबी, बेरोजगारी, सामाजिक अन्धविश्वास तथा कूरीतिहरूको अन्त्यका लागि आर्थिक विकासका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सक्नेगरी स्थानीय तहको क्षमता अभिवृद्धि गर्न सबै पक्ष लाग्नुपर्ने पनि बताए । उनले दिगो विकास लक्ष्यअनुरूप अघि बढ्नेगरी योजना तर्जुमा गर्न स्थानीय तहले प्राथमिकता दिनुपर्ने बताए । 'दीगो विकास लक्ष्यअनुरूप योजना तर्जुमालाई प्राथमिकतामा लिएर लक्ष्यप्राप्तितर्फ उन्मुख भएर देशको शिक्षित युवा जनशक्तिलाई रोजगारीको अवसर सिर्जना गर्न आवश्यक छलफल हुन आवश्यक छ,' उनले भने, 'अपार प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र उपयोग गर्ने कुरामा स्थानीय सरकारको भूमिका बढाउँदै मुलुकमा व्याप्त गरिबी, बेरोजगारी, लैंगिक हिंसा, छाउपडी, दाईजो, जातीय छुवाछुत तथा बालविवाहलगायत सामाजिक कूरीति अन्त्य गर्न स्थानीय तहदेखि नै गर्न आर्थिक विकासलाई प्रवर्द्धन तथा सामाजिक सचेतना जागरण अभियानको रुपमा सञ्चालन गर्न स्थानीय तहले आगामी दिनमा अग्रणी भूमिका निर्वाह गर्न सक्ने गरी स्थानीय तहको क्षमता विकास गर्न जरुरी छ ।'उक्त कार्यमा गाउँपालिका राष्ट्रिय महासंघले आवश्यक समन्वय र सहजीकरण गर्न आवश्यक भएको बताउँदै उनले भने'स्थानीय निकायले सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाएर भ्रष्टाचार शून्य नीति लिएर अघि बढ्न म विशेष अनुरोध गर्दछु ।'**साभार इकान्तिपुर**

# यसकारण....

संकटग्रस्त अर्थतन्त्र सुधारको नीति तथा कार्यक्रम सञ्चालन गर्नु हो। निश्चयः पनि यी बिषयमा देउवा ओलीबीच मतान्तर छैन होला।देशका प्रमुख ठूला पार्टीका नेतृत्वकर्ता देउवा र ओली दुवैलाई यो संवेदनशील र महत्वपूर्ण समय हो । यो अवसरलाई सही प्रयोग गर्न सके उनीहरूमाथि लागेको आरोप र दाग पखाल्न सक्ने अस्त्र बन्न सक्छ। नेपाल राजनीतिक रुपमा अस्थिर र अराजक, सामाजिक रूपमा असहिष्णु र द्वन्द्वग्रस्त, आर्थिक रूपमा संकटग्रस्त तथा सांस्कृतिक रूपमा बिच्छृंखल छ। यस्तो अवस्था आउनु कांग्रेस र एमालेको कमजोर तथा उदासिन भूमिका नै हो। यो आरोपलाई गलत सावित गर्न पनि दुवै पार्टी मिल्नुपर्छ।
देउवा र ओलीले यो हेक्का पनि राख्न जरुरी छ कि कांग्रेस र एमालेको सहकार्यमा आधारित संयुक्त रचनात्मक भूमिकाले मात्र नेपालमा लोकतन्त्रलाई जनताको जीवनशैलीमा अनुवाद गर्न सकिन्छ। यसका लागि राष्ट्र र जनताको स्वार्थको मूल्यमा दुवै नेताले बिचौलिया, चरम महत्वाकांक्षी, षड्यन्त्रकारी, अवसरवादी र संकीर्ण घेराबाट बाहिरिन पर्छ। राष्ट्रहित, जनहितका साझा नीति र कार्यक्रमका आधारमा कांग्रेस एमालेबीच सहकार्य भए प्रथमतः प्रणालीगत विकल्पका आवाज आफैं बन्द हुन्छन्।
जसले खुद्रा राजनीति गर्नेको पसल बन्द हुन्छ। आज जे जति खुद्रा राजनीतिक पसलले जे जति च्याँखे थापेर खेल खेलिरहेका छन् ती सबै कांग्रेस र एमालेको बेमेल र अन्तरद्वन्द्वको सहउत्पादन हो। नेपालको वास्तविक सत्ता यिनै सहउत्पादकले सञ्चालन गरेको अवस्था छ। अतः छट्टु स्यालको भूमिकामा रहेका राजनीतिक मुकुण्डोधारी बिचौलियाबाट सत्ता राजनीतिलाई जोगाउन देउवा र ओलीका हात एक ठाउँमा हुनैपर्छ।
जनताले उनीहरूको ताजा अभिमतमार्फत कांग्रेस र एमालेलाई आफ्ना संरक्षक, अभिभावक र आधिकारिक वारिसे मानेका छन्। समानुपातिकतर्फको मतले यही प्रष्ट्याएको छ। यो कोणबाट चिन्तन, मनन गरेर देउवा र ओलीले आफूलाई राष्ट्रका अगुवा पहरेदार र नेपाली जनताका आधिकारिक अभिभावक ठान्नु पर्छ। मतबाट प्राप्त अभिव्यक्तिलाई उचित सम्मान गर्नुपर्छ। जनभावनाको विश्वासघात गर्न हुँदैन।राष्ट्रका यी दुई आधिकारिक वारिसेबीचको सम्बन्ध प्रगाढ हुन जरुरी छ। यी दुई नेताबीचको सम्बन्ध जति कटुतापूर्ण र तिक्त हुन्छ नेपाल र नेपालीको भाग्य र भबिष्य त्यति न अन्धकारमय बन्नेछ। अब यी दुई ठूला दलका नेतृत्वकर्ताले नेपाल र नेपालीको हित, स्वार्थको लागि बाँच्ने हो। न कि कुनै खास च्याँखेबाज, महत्वाकांक्षी, अवसरवादी व्यक्ति र गुटको स्वार्थका लागि।विविध मुद्दा र समस्यामा कांग्रेस र एमाले समान ध्रुवमा खडा हुन नसकी परस्पर विपरीत ध्रुवमा हुँदाको परिणाम हो, आजको विकृत र कमजोर राष्ट्रियता। यही कारणले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र राष्ट्रिय अखण्डताका क्षेत्रमा कहाली लाग्दो स्थिति आयो। अब पनि पुरानै गठबन्धनलाई निरन्तरता दिँदै त्यसैको सरकार बनाएमा नेपाललाई अफगानिस्तान र श्रीलंकाको प्रतिस्पर्धी बन्नबाट कसैले रोक्न सक्दैन। यस्तो भए त्यो परिस्थितिको जिम्मेवारी एमालेले होइन्, कांग्रेस सभापति देउवा र उनलाई माध्यम बनाएर सत्ताको तर मार्नेहरू हुनपर्छ।सीमित व्यक्ति, गुट र उपगुटको निहित स्वार्थका लागि नेपाली जनता सधैं तमासे हुन सक्दैनन्। देउवा र ओलीलाई सुनौलो इतिहास रच्ने अर्को अवसर अब सायदै नआउला। दुवैले राष्ट्र र जनताबाट धेरै प्राप्त गरिसक्नु भएको छ। लिनुमात्र होइन दिनु पनि भएको छ। त्यही भएर राष्ट्रको अविभावकत्व पनि प्राप्त गर्नुभएको छ। यो अविभावकत्व राष्ट्र र आफ्ना पार्टीमा समेत प्रदर्शन गर्न सके दुवै नेता समकालीन र भावी पुस्ताका आदर्शका प्रतिक हुनुहुनेछ।

दुवै नेतामा सम्बन्धित पार्टीको प्राधिकार आफ्ना हातमा लिएर साशनसत्ताको प्राधिकार पार्टीका दोस्रा पुस्ताका हातमा थमाएर सरकार र संसदलाई निर्देशन एवम् मार्गदर्शन गर्ने चाहना र इच्छाशक्ति जागृत हुनुपर्छ। नेपाली जनताले यो भाव र भूमिकामा देउवा र ओलीलाई हेर्न चाहेका छन्।

राष्ट्रको कहाली लाग्दो वर्तमान परिस्थितिको आलोकमा देउवा र ओलीका अतिरिक्त दुवै पार्टीका केन्द्रदेखि एकाई तहसम्मका नेता र कार्यकर्ताले समेत आफ्नो आत्मनिरीक्षण गर्न आवश्यक छ। दुवै दलको समझदारी र सहकार्यमा मुलुकमा भएको राजनीतिक परिवर्तनलाई नेपाल र नेपालीको पक्षमा उपलब्धिमूलक तथा फलदायी तुल्याउन नसकिने सवाल नै आउँदैन। स्थायित्व र स्थिरता, विधिको शासन, संकटग्रस्त अर्थतन्त्रमा सुधार र जेलिएको राष्ट्रियताको सवाल जस्ता नेपालको आजको विशिष्ट अवस्थाले फेरि एक पटक सहकार्यमा आधारित कांग्रेस र एमालेको संयुक्त भूमिका माग गरेको छ। एक अर्थमा कांग्रेस र एमालेका लागि यो जनताप्रतिको जवाफदेही र राष्ट्रप्रतिको दायित्वको परीक्षा घडी पनि हो। दुवै पार्टीले समय र परिस्थितिको पदचाप सुनेर संयमित एवम् विवेकपूर्ण निर्णय लिनुपर्ने आम धारणा सुनिन थालेको छ। **साभार अन्नपूर्णपोष्ट्**


